स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




"मिरुना मगर खोइ?" "कबड्डी ४"मा शीर्ष भूमिकामा रहेकी अभिनेत्री मिरुना मगर "कबड्डी ५: आफ्टर द फाइनल म्याच"को टिजरमा देखिइनन्। टिजर सार्वजनिक भएपछि युट्युबको कमेन्टमा दर्शकले सोध्न थाले,- "मिरुना मगर खोइ?" निर्माण टिमले मिरुनालाई नदेखाई टिजर सार्वजनिक गरेको थियो। त्यसअघि सार्वजनिक पोस्टरमा पनि उनी देखिएकी थिइनन्। त्यसैले "कबड्डी" सिरिजको पाँचौं भागमा मिरुनाको उपस्थितिलाई लिएर दर्शकमा कौतुहलता थियो।

**आजको विचार...**



तानसेनको ...
*(दुई पेजमा)*

डा.श्रीमणिराज खनाल

अनमोल केसी र प्रिन्सी खतिवडा अभिनीत फिल्म "बाटुलो जून"को टिजर युट्युब ट्रेन्डिङको शीर्ष स्थानमा पुगेको छ। गत हप्ता सार्वजनिक भएको टिजर तीन दिनमै युट्युब चार्टसमा फिल्म विधाअन्तर्गत नेपालमा पहिलो नम्बरमा पुगेको हो। नेपालसहित एक दर्जनभन्दा बढी देशमा समेत टिजर ट्रेन्डिङमा रहेको निर्माण पक्षले जनाएको छ। एक हप्तामा टिजरलाई युट्युबमा साढे ६ लाखभन्दा बढीपटक हेरिएको छ। भुवन केसी निर्देशित "बाटुलो जून" ले पुरानो समयको प्रेमकथा प्रस्तुत गर्छ।




❐ वर्ष ३२ ❐ अंक ९५ ❐ २०८३ कार्तिक ११ गते बुधबार 28 October 2026, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-


## संक्षिप्त समाचार

### गोली चल्दा महिलासहित पाँच जनाको मृत्यु

**गुवाहाटी,** कार्तिक १०/ भारतको असमस्थित गुवाहाटीको एक होटलमा सोमबार राति गोली चल्दा महिलासहित पाँच जनाको मृत्यु भएको छ । होटलका मालिक र लिजमा लिएर होटल सञ्चालन गर्ने व्यक्तिबीचको विवादका क्रममा घटना भएको हो ।

प्रहरीका अनुसार राति करिब ९ बजे जीएस रोडस्थित बोरा सर्भिसको अगाडि रहेको होटल बिलास इनमा गोली चलेको थियो । उक्त स्थान असम प्रहरी मुख्यालयबाट करिब दुई किलोमिटर टाढा छ ।प्रहरी कमिस्नर पार्थ सारथी महन्तले समाचार एजेन्सी पीटीआईलाई बताएअनुसार घटनामा छ जनालाई गोली लागेको थियो । तीमध्ये पाँच जनाको मृत्यु भएको छ भने एक जनाको उपचार भइरहेको छ ।समाचार एजेन्सी एएनआईका अनुसार घटनापछि प्रहरीले एक जनालाई पक्राउ गरेको छ । प्रहरी कमिस्नर महन्तका अनुसार घटनामा ३२ बोरको लाइसेन्स प्राप्त पेस्तोल प्रयोग गरिएको थियो ।प्रहरीले घटनामा प्रयोग भएको हतियारसमेत बरामद गरेको जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको छ ।- ***बीबीसी***

# रानीमहलको सौन्दर्य संकटमा

## बाढीले बगर बन्यो आसपासको बस्ती, संरक्षणमा स्थानीय सरकारको बेवास्ता

**जगदीश भट्टराई**

**पाल्पा,** कार्तिक १०/प्रेमको प्रतीकका रूपमा परिचित पाल्पाको ऐतिहासिक रानीमहल संरक्षणको अभावमा कुरूप बन्दै गएको छ । गत असोज ११ गतेको अविरल वर्षापछि आएको डुबान र बाढीले रानीमहल आसपासको बस्ती बगरमा परिणत गरेको छ । हिजोसम्म चहलपहल हुने क्षेत्र अहिले बालुवा, गिट्टी र ढुंगाले भरिएको छ । त्यति मात्र होइन् व्यवसाय गरेर जीविकोपार्जन गर्दै आएका स्थानीयका सपना बाढीसँगै बगरमा परिणत भएका छन् ।

बाढी र डुबानका कारण रानीमहल आसपासका एक दर्जनभन्दा बढी व्यावसायिक प्रतिष्ठान प्रभावित भएका छन् । सडक, पार्किङस्थल तथा रानीमहल प्रवेश गर्ने क्षेत्रमा बालुवा र गिट्टी थुप्रिँदा क्षेत्रको स्वरूप नै बदलिएको छ । स्थानीयका अनुसार बाढीले व्यवसाय सञ्चालन गर्ने संरचनादेखि सडक र पूर्वाधारसम्ममा क्षति पुऱ्याएको छ । प्राकृतिक विपत्तिले रानीमहल आसपासको बस्तीमा ठूलो क्षति पुऱ्याए पनि अहिलेसम्म सम्बन्धित निकायबाट अपेक्षित चासो नदेखिएको स्थानीयको गुनासो छ । विपत्तिपछि पुन:स्थापना, सरसफाइ र क्षतिग्रस्त संरचनाको मर्मतमा ठोस पहल नहुँदा उनीहरूको आक्रोश बढ्दै गएको छ । विपत्तिको समयमा जनताको पीडा र क्षतिको अवस्था बुझ्नसमेत जनप्रतिनिधि नआएको भन्दै स्थानीयले असन्तुष्टि व्यक्त गरेका छन् । स्थानीय युवा शंकर बस्यालले विपत्तिका बेला बेखबर रहने नेताहरू चुनावका बेला भने मत माग्न आउने गरेको भन्दै आक्रोश पोखे । "यत्रो विपत्ति हुँदा अहिलेसम्म के भयो भनेर सोध्नसमेत नआउने नेताहरू अब चुनावका बेला लर्को लागेर आउनेछन् । त्यतिबेला उनीहरूलाई लखेट्ने हो," बस्यालले आक्रोश व्यक्त गर्दै भने । विपत्तिपछि तत्काल गर्नुपर्ने सरसफाइ, आवागमन सहज बनाउने काम र प्रभावित क्षेत्रको पुन:स्थापनामा ढिलाइ हुँदा रानीमहल पुग्ने पर्यटकको आवागमनमा समेत असर पर्न सक्ने उनले बताए । रानीमहलको पीडा बाढीले आसपासको बस्तीमा पुऱ्याएको क्षतिमा मात्रै सीमित छैन । ऐतिहासिक महत्व बोकेको महलको बाहिरी स्वरूप र संरक्षणको अवस्थालाई लिएर पनि प्रश्न उठ्न थालेका छन् । तानसेन नगरपालिकाको जिम्मेवारीमा रहेको रानीमहलको रङरोगन तथा मर्मतसम्भारमा पर्याप्त ध्यान नदिइएको स्थानीयको आरोप छ । रङरोगनको अभाव र जीर्ण देखिने बाहिरी स्वरूपका कारण प्रेमको प्रतीकका रूपमा चिनिएको महलको सौन्दर्य खस्किएको उनीहरूको भनाइ छ ।



ऐतिहासिक सम्पदाको संरक्षण, नियमित मर्मतसम्भार र पर्यटकीय क्षेत्रको व्यवस्थापन स्थानीय सरकारको प्राथमिकतामा पर्नुपर्ने हो । तर, रानीमहलको वर्तमान अवस्थाले संरक्षणसम्बन्धी काम प्रभावकारी रूपमा अघि बढेको छ कि छैन भन्ने प्रश्न उठाएको छ । कर संकलनमा सक्रिय हुने स्थानीय सरकारले पर्यटकीय सम्पदाको संरक्षण र विपत्तिपछिको पुन:स्थापनामा पनि उत्तिकै जिम्मेवारी देखाउनुपर्ने बस्यालले बताए ।

रानीमहलको सरंक्षरण र व्यवस्थापनको जिम्मेवारी पाएको तानसेन नगरपालिकाले भने आफुहरुको क्षेत्र अधिकार भित्र क्षति भएको संरचनाहरुको हटाउने र व्यवस्थापन गर्ने काम गरेको दावी गरेको छ । नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत चेतनाथ गिरीले नगर सरकारको क्षेत्र अधिकार भित्र क्षति भएका संरचनाहरु तत्काल हटाउने काम गरिएको दावी गरे । उनले रानीमहल दरबार परिसरमा अहिले त्यस्तो कुनै पनि अस्तव्यस्त नरहेको प्रतिक्रिया दिए । अधिकृत गिरीले रानीमहल क्षेत्र वरपर अस्तव्यस्त अवस्थामा देखिने संरचना बगनासकाली गाउँपालिका भित्रको रहेकाले त्यो काम बगनासकालीले नै गर्नुपर्ने बताए । बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदीले भने आफुहरुले स्याङ्जाको कालीगण्डकी गाउँपालिकासँग समन्वय गरी तत्काल त्यहाँको बाटो खुलाउने काम गरेको बताइन् । उनले त्यति बेला पानी निरन्तर परिरहेको र पछि दशै विदा परेकाले तत्काल व्यवस्थापनको काम गर्न नसकिएको र अबको एक /दुई दिनमै डोजर पठाएर पुरिएका सामान र बगर सम्याउने काम हुने अध्यक्ष चिदीको भनाई छ । उनले जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसेर राहत र पुन:स्थापनाका विषयमा छलफल हुने र सोही अनुसार पालिकाले पनि निर्णय गरेर योजना बनाउने बताइन् ।

स्थानीयका लागि अहिले सबैभन्दा महत्वपूर्ण प्रश्न राजनीतिक आरोप-प्रत्यारोप होइन, भत्किएको जनजीवन कसरी सामान्य बनाउने भन्ने हो । पुरिएका सडक र पार्किङ क्षेत्र सफा गर्ने, प्रभावित व्यवसायीलाई राहत तथा पुन:स्थापनामा सहयोग गर्ने र रानीमहलको सौन्दर्य पुन:स्थापित गर्ने काम तत्काल अघि बढ्नुपर्ने उनीहरूको माग छ ।

## शान्तिपूर्ण समाज निर्माण गरौं

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

**विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# अवैध लागूऔषध सहित चार जना पक्राउ

**पाल्पा,** कार्तिक १०/ देशका विभिन्न स्थानबाट अवैध लागूऔषसहित चार जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार मकवानपुर, बाँके, धनुषामा अवैध लागूऔषसहित चार जना पक्राउ परेका हुन् ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१५ पिपलबोटबाट अवैध लागूऔषध गाँजा ४२ किलो ४ सय १० ग्राम सहित २ जनालाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारत बैसाली महुवा टोल बस्ने २५ वर्षीय बिर्जु कुमार राय र २६ वर्षीय मन्जय कुमार राय रहेका छन् । प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरीले हेटौंडाबाट बारातर्फ जाँदै गरेको बिआर १ एपि ६०७३ नम्बरको गाडीलाई जाँच गर्ने क्रममा १९ वटा पोका रहेको उक्त परिमाणको गाँजा फेला पारी चालक बिर्जु कुमार र गाडीमा सवार मन्जय कुमारलाई पक्राउ गरेको हो । यस्तै बाँकेको बैजनाथ गाउँपालिका-५ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ सय ५० मिलिग्राम सहित सोही ठाउँ बस्ने ३२ वर्षीय दुखराम थारूलाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय कोहलपुर समेतबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै धनुषाको शहिदनगर नगरपालिका-१ भगबन टोल बस्ने ४० वर्षीया प्रमिला देवी मण्डललाई अवैध लागूऔषध गाँजा करिब २ किलो ४ सय ७० मिलिग्राम सहित मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## नयाँ लगानीको वातावरण बनाऊ

मुलुकको आर्थिक विकास र समृद्धिका लागि नयाँ लगानी अपरिहार्य छ । लगानीबिना उत्पादन बढ्न सक्दैन, रोजगारीका अवसर सिर्जना हुँदैनन् र अर्थतन्त्रले अपेक्षित गति लिन सक्दैन । पछिल्लो समय मुलुकको अर्थतन्त्रमा देखिएको सुस्तता, बेरोजगारी, युवा जनशक्तिको विदेश पलायन तथा उद्योग–व्यवसायमा देखिएका चुनौतीले नयाँ लगानीको आवश्यकता अझ बढाएको छ । यस्तो अवस्थामा सरकारले स्वदेशी तथा विदेशी लगानीकर्तालाई आकर्षित गर्ने वातावरण निर्माण गर्न विशेष ध्यान दिनुपर्छ । लगानीका सम्भावना भएर पनि त्यसलाई व्यवहारमा उतार्न नसक्नु मुलुकका लागि दुर्भाग्यपूर्ण अवस्था हो । नेपालमा कृषि, पर्यटन, जलविद्युत्, सूचना प्रविधि, उद्योग तथा पूर्वाधार विकासका क्षेत्रमा लगानीका प्रशस्त सम्भावना छन् । तर, लगानीमैत्री वातावरणको अभाव, नीतिगत अस्थिरता, झन्झटिलो प्रशासनिक प्रक्रिया र आवश्यक पूर्वाधारको कमीले लगानीकर्तालाई उत्साहित बनाउन सकेको छैन । कुनै पनि व्यक्ति वा संस्थाले लगानी गर्दा त्यसको सुरक्षा, प्रतिफल र भविष्यप्रति विश्वस्त हुन चाहन्छ । लगानीकर्तालाई विश्वास दिलाउने जिम्मेवारी राज्यको हो । सरकारले भाषण र प्रतिबद्धतामा मात्र सीमित नभई व्यवहारमै लगानीमैत्री वातावरण तयार गर्न आवश्यक छ ।

नयाँ लगानीलाई प्रोत्साहन गर्न सर्वप्रथम नीतिगत स्थिरता कायम गरिनुपर्छ । सरकार परिवर्तनसँगै आर्थिक नीति र प्राथमिकता फेरिने प्रवृत्तिले लगानीकर्तामा अन्योल सिर्जना गर्छ । उद्योग दर्तादेखि सञ्चालनसम्मका प्रक्रियालाई सरल, पारदर्शी र छिटोछरितो बनाउनुपर्छ । अनावश्यक प्रशासनिक झन्झट, भ्रष्टाचार र ढिलासुस्ती अन्त्य गर्दै लगानीकर्ताले सहज रूपमा सेवा प्राप्त गर्ने व्यवस्था मिलाउन आवश्यक छ । तर अहिलेसम्म त्यसो हुन सकिरहेको छैन् । नयाँ सरकार बनेपछि पनि लगानी गर्न निजी क्षेत्र उत्सुक नदेखिएपछि प्रधानमन्त्री बालेन्द्र शाहले उद्योगी–व्यापारीसँग दुई पटक छलफल गरेका छन् । यस्तै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले पनि धेरै पटक निजी क्षेत्रसँग छलफल गरेका छन् । यस्ता छलफलबाट सरकारले निजी क्षेत्रलाई विश्वासमा लिन खोजेको देखिन्छ । तर, सरकारले निजी क्षेत्रप्रति गरेका अन्य क्रियाकलापबाट उद्योगी–व्यवसायी अझै विश्वस्त हुन सकेका छैनन् । सरकारले आफूले खर्च बढाउने र निजी क्षेत्रले पनि नयाँ लगानी नगर्दासम्म अर्थतन्त्रको अहिलेको अवस्थामा कुनै फेरबदल हुनेछैन । लगानीकर्ताको मनोबल बढाउने, उत्पादनमूलक क्षेत्रलाई प्राथमिकता दिने र उद्यमशीलताको विकास गर्ने ठोस कदम चाल्नुपर्छ । नयाँ लगानी बढ्नु भनेको उद्योग खुल्नु, रोजगारी सिर्जना हुनु, उत्पादन बढ्नु र नागरिकको जीवनस्तरमा सुधार आउनु हो । त्यसैले सरकारले नयाँ लगानीलाई प्रोत्साहन गर्ने वातावरण निर्माणलाई आफ्नो प्रमुख आर्थिक प्राथमिकता बनाउन ढिलाइ गर्नु हुँदैन ।

## Opinion @ Social Network

भाग्यले ढोका बन्द गरे पनि,
आशाले अर्को बाटो खोजिरहन्छ।
*(सविना गरम्जाको फेसबुक स्टाटसबाट www.facebook.com/Sabina.Garamja)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# तानसेनको पर्यटन विकास : पर्यटक किन आउने, कसरी रमाउने र किन फेरि फर्कने ?



डा.श्रीमणिराज खनाल

तानसेन, पाल्पा नेपालको ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक दृष्टिले विशिष्ट पहाडी सहर हो । यहाँको शीतल हावापानी, श्रीनगर डाँडाबाट देखिने मनोरम दृश्य, रानीमहलको ऐतिहासिक आकर्षण, भैरबस्थान ,भगवती मन्दिरको धार्मिक महत्व, पुराना नेवारी शैलीका घर, पाल्पाली ढाका, करुवा, ऋषिकेशव मन्दिर ,अमर नारायण मन्दिर ,सुसाइड पोइन्ट ,माडीफांट, अर्गली दरबार ,मदनपोखराको खेती,स्थानीय परिकार र आत्मीय जनजीवन पर्यटन विकासका महत्वपूर्ण आधार हुन् । धेरै जसो उठ्ने प्रश्न अत्यन्तै सान्दर्भिक छ(पर्यटक तानसेनमा आएर के हेर्ने, के अनुभव गर्ने, कहाँ रमाउने र कति दिन बस्ने ? पर्यटन भनेको पर्यटकीय स्थलको सूची मात्र होइन । पर्यटकलाई आकर्षित गर्ने दृश्य, अनुभव, मनोरञ्जन, खानपान, आतिथ्य, सुविधाजनक आवास र स्मरणीय गतिविधिको समग्र संयोजन हो । कुनै ठाउँ सुन्दर भएर मात्र पुग्दैनह त्यो सुन्दरतालाई पर्यटकले अनुभव गर्न सक्ने वातावरण पनि निर्माण गर्नुपर्छ । तानसेनको पर्यटन विकासका लागि होटलको संख्या बढाउनु आवश्यक छ, तर होटल मात्रै बनाएर पर्यटन फस्टाउँदैन । पर्यटकलाई बस्न मन लाग्ने, समय बिताउन रमाइलो लाग्ने र अरूलाई पनि यहाँ आउन प्रेरित गर्ने गन्तव्य बनाउनु मुख्य आवश्यकता हो ।

**क. तानसेनको पर्यटन विकासका लागि १० वटा व्यावहारिक सुझाव**

**१. श्रीनगर डाँडालाई व्यवस्थित पर्यटकीय विश्रामस्थल बनाउने**

श्रीनगर तानसेनको प्राकृतिक पहिचान हो । यहाँ सूर्योदय र सूर्यास्त अवलोकनस्थल, आरामदायी बस्ने ठाउँ, कफी पसल, स्थानीय परिकार पाइने साना भोजनालय, दूरबिनबाट हिमाल हेर्ने व्यवस्था र व्यवस्थित पदमार्ग बनाउनुपर्छ । मौसम अनुकूल हुँदा हिमशृङ्खला र तराईको दृश्यावलोकन गर्न सकिने गरी सूचना पाटी र दृश्य पहिचान गर्ने नक्सा राख्न सकिन्छ ।

**२. पुरानो तानसेन बजारलाई जीवित सांस्कृतिक सम्पदा बनाउने**

शीतलपाटी, भगवती मन्दिर, टक्सार क्षेत्र, पुराना नेवारी घर, बग्गीढोका र तानसेन दरबारलाई जोडेर पैदल सांस्कृतिक भ्रमण मार्ग बनाउनुपर्छ। स्थानीय इतिहास बुझाउने तालिमप्राप्त पथप्रदर्शक, घरको मौलिक वास्तुकला संरक्षण, परम्परागत शैलीका बत्ती र सफा गल्लीले पर्यटकलाई पुरानो सहरको वास्तविक अनुभूति दिन सक्छन् ।

**३. पाल्पाली ढाका र करुवालाई प्रत्यक्ष अनुभव गर्ने अवसर दिने**

पर्यटकले ढाका कपडा र करुवा पसलमा देखेर मात्र होइन, ती कसरी बनाइन्छन् भन्ने कुरा आफ्नै आँखाले हेर्न पाउनुपर्छ। बुनकर तथा कालीगढका कार्यशाला अवलोकन, छोटो सीप सिकाइ, करुवा निर्माणको प्रदर्शन र स्थानीय उत्पादन किनमेलको व्यवस्था गर्न सकिन्छ । यसबाट पर्यटन र स्थानीय उत्पादनबीच प्रत्यक्ष सम्बन्ध स्थापित हुन्छ ।

**४. रानीमहललाई एकदिने भ्रमणभन्दा बढीको पर्यटन अनुभवसँग जोड्ने**

रानीमहलको ऐतिहासिक कथा, कालीगण्डकीको प्राकृतिक सौन्दर्य र तानसेनको सांस्कृतिक सम्पदालाई एउटै भ्रमण प्याकेजमा जोड्नुपर्छ । सुरक्षित पहुँच, विश्रामस्थल, सरसफाइ, स्पष्ट सूचना, स्थानीय पथप्रदर्शक र उपयुक्त खानपानको व्यवस्था आवश्यक छ । सम्भव भएमा प्रकृतिमैत्री पदयात्रा तथा नदी आसपासका दृश्यावलोकन गतिविधि पनि विकास गर्न सकिन्छ ।

**५. पाल्पाली खानालाई पर्यटकीय आकर्षण बनाउने**

स्थानीय स्वादका परिकारलाई व्यवस्थित रूपमा प्रस्तुत गर्नुपर्छ । बटुक, चुकौनी, सेलरोटी, ढिँडो, गुन्द्रुक, स्थानीय शैलीका तरकारी र अन्य मौलिक परिकारलाई स्वच्छ र आकर्षक वातावरणमा उपलब्ध गराउन सकिन्छ । स्थानीय खानाको परिचय दिने भोजनालय, स्वाद चाख्ने कार्यक्रम र पाककला प्रदर्शनले पर्यटकलाई नयाँ अनुभव दिन्छ ।

**६. पर्यटकको आवश्यकता अनुसार स्तरीय आवास विकास गर्ने**

तानसेनमा आवासको विविधता आवश्यक छ-सुविधायुक्त होटल, मध्यम मूल्यका पारिवारिक होटल, मौलिक वास्तुकलामा आधारित बुटिक होटल र व्यवस्थित घरबास। सबै होटल महँगा हुनुपर्दैनह सरसफाइ, तातोपानी, सहज यातायात, सुरक्षित पार्किङ, भरपर्दो इन्टरनेट, राम्रो भोजन र आत्मीय सेवा महत्वपूर्ण छन् । लगानीकर्तालाई पुराना घरलाई सम्पदामैत्री होटलमा रूपान्तरण गर्न प्रोत्साहन दिन सकिन्छ । तर मागको अध्ययन नगरी ठूलो लगानी गर्नुभन्दा पर्यटकको संख्या, बसाइ अवधि र खर्चको प्रवृत्तिका आधारमा लगानी बढाउनु उपयुक्त हुन्छ ।

**७. नियमित सांस्कृतिक कार्यक्रम र मनोरञ्जनको व्यवस्था गर्ने**

तानसेनमा पर्यटकको बसाइ लम्ब्याउन साँझको समयलाई पनि आकर्षक बनाउनुपर्छ। निर्धारित दिनमा पाल्पाली लोकगीत, मगर तथा नेवारी सांस्कृतिक प्रस्तुति, पञ्चेबाजा, लोकनृत्य, कविता वाचन, स्थानीय कला प्रदर्शनी र खुला सांगीतिक कार्यक्रम आयोजना गर्न सकिन्छ । पर्यटकलाई लक्षित सांस्कृतिक साँझको समय र स्थान निश्चित हुनुपर्छ । कार्यक्रम विशेष चाडपर्वमा मात्र सीमित नभई नियमित रूपमा सञ्चालन भएमा पर्यटकले आफ्नो भ्रमणको योजना पहिल्यै बनाउन सक्छन् ।

**८. पदयात्रा, साइकल यात्रा र प्रकृतिमा रमाउने गतिविधि विस्तार गर्ने**

तानसेन वरिपरिका उपयुक्त पदमार्ग, ग्रामीण बस्ती र प्राकृतिक दृश्यावलोकन स्थललाई जोडेर छोटो पदयात्रा, सूर्योदय यात्रा, पहाडी साइकल यात्रा तथा प्रकृति अवलोकनका कार्यक्रम सञ्चालन गर्न सकिन्छ। मार्गको सुरक्षा, स्पष्ट संकेत, विश्रामस्थल र प्रशिक्षित पथप्रदर्शकको व्यवस्था अनिवार्य हुनुपर्छ । यसको उद्देश्य अनावश्यक संरचना बनाउनु होइनह तानसेनको प्राकृतिक सम्पदालाई सुरक्षित राख्दै पर्यटकले सक्रिय रूपमा अनुभव गर्न सक्ने बनाउनु हो ।

**९. तानसेनलाई आसपासका पर्यटकीय स्थलको केन्द्र बनाउने**

तानसेनलाई एक्लो गन्तव्यका रूपमा मात्र नभई रानीमहल, रिडी, भैरवस्थान तथा पाल्पाका अन्य उपयुक्त ग्रामीण गन्तव्यको भ्रमण सुरु हुने केन्द्र बनाउनुपर्छ । यातायात, मार्गदर्शक, स्थानीय भोजन र घरबाससहित आधा दिन, एक दिन र दुई दिनका भ्रमण प्याकेज तयार गर्न सकिन्छ। पाल्पाका ग्रामीण क्षेत्रमा घरबास र स्थानीय संस्कृतिमा आधारित पर्यटनको सम्भावना देखिन थालेको छ । तिनलाई तानसेनसँग जोड्दा पर्यटकको बसाइ र स्थानीय आम्दानी दुवै बढाउन सकिन्छ ।

**१०. प्रभावकारी प्रचारप्रसार र पर्यटकमैत्री सूचना प्रणाली बनाउने**

तानसेनका सबै प्रमुख आकर्षण, होटल, भोजनालय, स्थानीय यातायात, पदमार्ग, सांस्कृतिक कार्यक्रम र भ्रमण प्याकेज समेटिएको आधिकारिक पर्यटन वेबसाइट तथा मोबाइलमैत्री नक्सा आवश्यक छ । नेपाली, अंग्रेजी र आवश्यकताअनुसार हिन्दी भाषामा सूचना उपलब्ध गराउन सकिन्छ । होटल, पर्यटन व्यवसायी, यातायात सेवा, स्थानीय उत्पादनका पसल र पर्यटन सूचना केन्द्रबीच समन्वय हुनुपर्छ। पर्यटकले तानसेन पुग्नअघि नै कहाँ बस्ने, के हेर्ने, कहाँ खाने र कति खर्च लाग्छ भन्ने जानकारी पाउनुपर्छ ।

**ख.** तानसेनमा थप विकसित गर्न सकिने विशिष्ट पर्यटकीय अनुभव

तानसेनको मौलिकता जोगाउँदै केही नयाँ अवधारणा विकास गर्न सकिन्छ ।

**पहाडी दृश्यसहितको क्याफे र विश्रामस्थल**

श्रीनगर तथा उपयुक्त स्थानमा स्थानीय कफी, चिया र खाजा पाइने साना विश्रामस्थल विकास गर्ने । प्रकृति र शान्त वातावरणमा समय बिताउन चाहने आन्तरिक तथा विदेशी पर्यटकलाई यसले आकर्षित गर्न सक्छ । **'हेरिटेज वाक' अर्थात् सम्पदा पदयात्रा**

पुरानो बजारका ऐतिहासिक घर, मन्दिर, दरबार र शीतलपाटी समेटिएको दुईदेखि तीन घण्टाको निर्देशित भ्रमण। यसमा इतिहास, वास्तुकला, स्थानीय जीवनशैली र परम्परागत व्यापारको कथा सुनाउने व्यवस्था गर्न सकिन्छ ।

**जीवित संग्रहालय र स्थानीय सीप केन्द्र**

पाल्पाली ढाका, करुवा, परम्परागत घरेलु सामग्री र स्थानीय कलाको प्रदर्शनसँगै उत्पादन प्रक्रिया प्रत्यक्ष हेर्न तथा सिक्न सकिने केन्द्र स्थापना गर्न सकिन्छ। यसले संस्कृति संरक्षणसँगै स्थानीय रोजगारी सिर्जना गर्छ ।

**नियमित पाल्पा सांस्कृतिक साँझ**

हप्ताको निश्चित दिन स्थानीय कलाकारको प्रस्तुति, पाल्पाली खानाको स्वाद, हस्तकलाको प्रदर्शनी र सांस्कृतिक परिचय समेटिएको कार्यक्रम। यसको टिकट तथा भोजन प्याकेज होटलहरूले पनि आफ्ना पाहुनालाई उपलब्ध गराउन सक्छन् । यी अवधारणाका लागि सुरुमै ठूला भवन निर्माण गर्न आवश्यक छैन। उपलब्ध सार्वजनिक स्थल, उपयुक्त पुराना घर, स्थानीय व्यवसाय र कलाकारको सहभागिताबाट साना कार्यक्रम सुरु गरेर पर्यटकको प्रतिक्रिया हेर्दै विस्तार गर्न सकिन्छ ।

**ग . पर्यटकलाई कम्तीमा दुई रात तानसेनमा बस्ने कारण दिनुपर्छ**

तानसेनको पर्यटन रणनीति बनाउँदा एउटा व्यावहारिक प्रश्न महत्त्वपूर्ण हुन्छ-पर्यटकले यहाँ दुई रात बस्दा के गर्छन् ? यसका लागि उदाहरणका रूपमा यस्तो भ्रमण कार्यक्रम बनाउन सकिन्छ ।

**पहिलो दिन**

**ऐतिहासिक सहर र स्थानीय संस्कृति**

-पुरानो तानसेन बजार, शीतलपाटी र तानसेन दरबार क्षेत्रको भ्रमण
-पाल्पाली ढाका तथा करुवा निर्माणको अवलोकन
-स्थानीय परिकारको स्वाद
-साँझमा सांस्कृतिक कार्यक्रम वा सम्पदा पदयात्रा

*(... बाँकी तेस्रो पृष्ठमा)*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यक्षेत्रमा नयाँ अवसर मिल्नेछ । प्रेम सुमधुर रहनेछ। | **तुला**: लाभ मिल्ने आशा रहेकरो छ । राजकीय मामिलाहरु सुल्झिनेछन्। |
| **वृष** : मेहनतले सकारात्मक परिणाम मिल्नेछ । विवादास्पद कुराबाट टाढा रहनुहोस् । | **वृश्चिक** : नयाँ कार्यको लागि समय राम्रो छ । राम्रो प्रतिफलको प्राप्ति हुनेछ। |
| **मिथुन** : कार्यक्षेत्रमा आत्मविश्वास बढ्नेछ । भेटघाटले मन प्रसन्न रहनेछ। | **धनु**: धन खर्चका योग छन् । कठिन समयमा मित्रलाई सहयोग गरेर खुसी मिल्नेछ । |
| **कर्कट** : जीवनशैलीमा परिवर्तन आउने छ । बौद्धिक क्षमताको प्रशंसा हुनेछ । | **मकर** :नयाँ कार्य गर्नु अघि घरपरिवार मासल्लाह लिनुहोस्।धन खर्चका योग छन्। |
| **सिंह** : नयाँ अवसर मिल्नेछ । आफन्तहरूबाट सोचेजस्तो सहयोग नमिल्ला। | **कुम्भ**: कानुन विपरीत कार्य नगर्नुहोला। आत्मविश्वासी बन्नुहोस्। |
| **कन्या** : प्रेम र मित्रताको बन्धन कसिनेछ । राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ। | **मीन** : लेखनबाट लाभ मिल्नेछ। व्यापार मा जीवनसाथीको सहयोग मिल्नेछ। |

## कला मनोरञ्जन

# मिसेस वर्ल्ड नेपाल कात्तिक १४ मा छानिने



**काठमाडौं,** अमेरिकामा आयोजना हुने 'मिसेस वर्ल्ड'मा नेपाली प्रतिनिधि धाान्ने उद्देश्यले आयोजना हुन लागेको 'मिसेस नेपाल वर्ल्ड २०२६' आगामी कात्तिक १४ मा छानिने भएको छ । आयोजक रिवन इन्टरटेनमेन्टले प्रतियोगिताको २२ प्रतियोगी सार्वजनिक गर्दै फाइन मिति पनि जानकारी दिएको हो ।

छानिएका २२ प्रतियोगीमा प्रियशिखा खड्का, सगुन खनाल, सोफिया ढकाल, ऋचा शर्मा, स्वेक्षा पौड्याल, रस्ना श्रेष्ठ, यस्मिन बेगम सइद, नेहा गुप्ता, दीप्ति ढुगेल, बिन्दु थापा राना, शिल्पा न्यौपाने, शान्ता राना, सुनिता श्रेष्ठ कर्माचार्य, सन्ध्या लामा, बिनिता गुरुङ, ज्योति लामिछाने, समीक्षा रानाभाट, सुष्मा थापा, क्रिस्टिना ज्ञवाली, अन्जु परियार, मोनिका तामाङ र कन्चन महर्जन लगायत रहेका छन् । जो विभिन्न प्रशिक्षण सहित ग्रान्ड फिनालेमा उत्रिनेछन् । आयोजक संस्था रिवन इन्टरटेनमेन्टका अध्यक्ष निशुकान्त झाका अनुसार यस पटकको प्रतियोगितामा गृहिणीदेखि डाक्टर, इन्जिनियर, बैंकर, व्यवसायी, स्वास्थ्य सेवी, फेसन डिजाइनर, नर्स तथा व्यवस्थापक सम्म महिला स्पर्धामा छन् । उनीहरूलाई ब्याच तथा स्यास वितरण गरिसकिएको छ । विवाहित महिलाबिच प्रतिस्पर्धा हुने यो प्रतियोगिताका विजेताले अमेरिकामा आयोजना हुने 'मिसेस वर्ल्ड' को अलावा विभिन्न गिफ्ट उपहारका रूपमा प्राप्त गर्नेछिन् । अश्विनी झाको कोरियोग्राफी रहेको प्रतियोगितामा 'मिसेस नेपाल इन्टरनेसनल', 'मिसेस एमएस इन्टरनेश्नल' र 'मिसेस कोस्मो' को विजेता समेत चयन गरिनेछ । जसले सिंगापुरमा आयोजना हुने अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने अवसर पाउने आयोजक झाले बताए ।

*-रातोपाटी डटकम*

# 'जेलर २' बन्यो तमिल फिल्म इतिहासकै ठूलो हिट



दक्षिण भारतीय अभिनेता रजनीकान्त अभिनीत 'जेलर २' सर्वाधिक कमाइ गर्ने तमिल फिल्म बनेको छ। प्रदर्शनको ११ दिनमा फिल्मले विश्वभर ७१० करोड भारू ग्रस कलेक्सन गर्दै यसअघि '२.०' ले बनाएको रेकर्ड तोडेको हो।

भारतीय सञ्चारमाध्यम हिन्दुस्तान टाइम्सका अनुसार 'जेलर २' ले आइतबारसम्ममा विश्वव्यापी रूपमा ७१० करोड भारू कमाएको छ। यसअघि रजनीकान्त र अक्षय कुमार अभिनीत '२.०'ले विश्वभर ६९१ करोड भारू कमाउँदै सर्वाधिक कमाइ गर्ने तमिल फिल्मको रेकर्ड राखेको थियो। नेल्सन दिलीपकुमार निर्देशित 'जेलर २' ले भारतमा मात्रै ४६६.८५ करोड भारू ग्रस कलेक्सन गरेको छ। फिल्ममा रजनीकान्तसँगै राम्या कृष्णान, मोहनलाल, शिवराजकुमार, ज्याकी श्राफ, विद्या बालनलगायत कलाकार को अभिनय छ । 'जेलर २' अक्टोबर १५ (असोज २९) देखि प्रदर्शनमा आएको थियो। फिल्म नेपालका सिनेमा हलहरूमा समेत प्रदर्शनरत छ।-

*सेतोपाटी डटकम*


**पूर्वखोला गाउँपालिका प्रस्तावक रही सञ्चालन गर्न लागेको ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा सङ्कलन कार्यको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाई सम्बन्धी सूचना**

*(प्रकाशित मिति २०८३/०७/ ११ गते)*

लुम्बिनी प्रदेश, पाल्पा जिल्लाको पूर्वखोला गाउँपालिका अन्तर्गत बग्ने पूर्वखोला खोला, रकुन् खोला र रेचे खोला क्षेत्रबाट दिगो रूपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन कार्यका लागि वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीको क्रममा गर्नुपर्ने सार्वजनिक सुनुवाई कार्यक्रम निम्न मिति, स्थान र समयमा हुन लागेकोले सो कार्यक्रममा उपस्थित भई आफ्ना राय, सल्लाह, सुझाव दिनुहुन सम्बन्धित सरोकारवाला व्यक्ति, संघ संस्थाहरूको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**सार्वजनिक सुनुवाई हुने मिति, स्थान र समय**

| | | |
|---|---|---|
| मिति: २०८३/०७/१७<br>स्थान: पूर्वखोला गा.पा. वडा नं.-०१, वडा कार्यालय<br>समय : दिउँसो ३:०० बजे | मिति: २०८३/०७/१७<br>स्थान: रकुन् खोला दोभान<br>समय : विहानको ९:०० बजे | मिति: २०८३/०७/१८<br>स्थान: पूर्वखोला गा.पा. वडा नं.-०३, वडा कार्यालय<br>समय : विहानको १०:०० बजे |

| | |
|---|---|
| प्रस्तावक: | पूर्वखोला गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, रिङ्गनेरह, पाल्पा |
| परामर्शदाता | युनिभर्सल इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्ट्रक्सन, तानसेन-०१,पाल्पा<br>ईमेल:- universalengineering678@gmail.com |


# चलचित्र निर्माणका लागि सरकारले साढे तीन करोड अनुदान दिने, कसले पाउँछन् ?

सरकारले चलचित्र निर्माणका लागि विभिन्न विधामा साढे तीन करोड रुपैयाँसम्मको अनुदान दिने भएको छ । सूचना तथा सञ्चार मन्त्रालयले आज सूचना जारी गर्दै इच्छुक व्यक्ति एवं संस्थालाई आवेदन दिन आह्वान गरेको छ । सूचना जारी भएको मितिले २१ दिनभित्र आवश्यक कागजातसहित आवेदन दिनुपर्नेछ । मौलिक चलचित्र निर्माणलाई प्रोत्साहन गर्न यो विशेष अनुदान दिन लागिएको बताइएको छ। यसले स्थानीय कला, संस्कृति, रहनसहन र पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ । हालै मात्र सांस्कृतिक तथा राष्ट्रिय महत्त्वका क्षेत्रमा चलचित्र निर्माणका लागि प्रोत्साहन अनुदान उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०८३ स्वीकृत भएको थियो ।

**एउटा फिल्मले ९५ लाखसम्म पाउने**

यसैबमोजिम चलचित्र निर्माण गर्न चाहनेले तोकिएको मापदण्ड पूरा गरी आवेदन दिन सक्नेछन् । एउटा चलचित्र निर्माणका लागि पटकथा लेखन, प्रोडक्सन र पोस्ट प्रोडक्सनमा छुट्टाछुट्टै अनुदान प्राप्त गर्न सकिनेछ । यस हिसाबले एउटा फिल्मले कुल ९५ लाख रुपैयाँसम्म अनुदान पाउन सक्छ । पटकथा लेखनका लागि पाँच लाख रुपैयाँसम्म, प्रोडक्सनका लागि ७० लाख रुपैयाँसम्म र पोस्ट प्रोडक्सनका लागि २० लाख रुपैयाँसम्म अनुदान पाउन सकिनेछ । पटकथा लेखनतर्फ बढीमा पाँचवटा फिल्मले अनुदान प्राप्त गर्न सक्छन् । यस्तै, प्रोडक्सनका लागि तीनवटासम्म फिल्मले अनुदान पाउन सक्छन् भने पोस्ट प्रोडक्सनका लागि पाँचवटा फिल्मले अनुदान पाउन सक्छन् ।

**कस्ता फिल्मले पाउँछन् ?**

कस्तो चलचित्र निर्माणमा राज्यले यस्तो अनुदान दिन लागेको हो त ? यसका लागि निश्चित मापदण्ड एवं सर्तहरू तोकिएका छन् । सांस्कृतिक तथा राष्ट्रिय महत्वका चलचित्रलाई यस्तो अनुदान दिने भनिएको छ । यसका लागि मौलिक र पृथक् कथा आवश्यक हुनेछ। कथा यस्तो हुनुपर्नेछ, जसले राष्ट्रको सार्वभौमसत्ता, राष्ट्रिय एकता र सामाजिक सद्भाव कायम राख्न कुनै न कुनै रूपमा सहयोग पुऱ्याओस् । मुलुकको इतिहास, पर्यटन र संस्कृतिलाई उजागर गर्ने वा प्रवर्द्धन गर्ने खालको हुनुपर्नेछ । सामाजिक वा राष्ट्रिय भाव बोकेको चलचित्र यसका लागि योग्य हुन सक्नेछ। यी कथालाई मौलिक र रचनात्मक ढंगले दृश्यभाषामा उतार्न सक्नेले यो अनुदान प्राप्त गर्न सक्नेछन् । चलचित्रको स्क्रिप्ट नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयमा दर्ता भएको हुनुपर्नेछ । चलचित्र फोरके प्रविधिको क्यामेराले खिचिएको हुनुपर्नेछ । चलचित्रको अवधि बढीमा ९० मिनेट हुनुपर्नेछ । अनुदान रकम अन्य उपकरण वा सामग्री खरिदमा खर्च गर्न पाइने छैन। एआईको प्रयोग गरी चलचित्र निर्माणको काम गर्न पाइने छैन ।

**आवेदन कसरी दिने ? कहिलेसम्म ?**

सूचना प्रकाशित भएको २१ दिनभित्र आवेदन दिनुपर्नेछ । मन्त्रालयले तोकेको ढाँचामा आवश्यक कागजातसहित आवेदन पेस गर्नुपर्नेछ । यसका लागि नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, चलचित्रको कथा, पटकथा र संवादसहितको पूर्ण स्क्रिप्ट तथा त्यसको डिजिटल कपी पेस गर्नुपर्नेछ । स्क्रिप्ट पेस गर्दा प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयमा दर्ता भएको प्रमाण पनि बुझाउनुपर्नेछ। प्रोडक्सन र पोस्ट प्रोडक्सनका लागि चलचित्र विकास बोर्डबाट निर्माण अनुमति, विस्तृत कार्ययोजना र अनुमानित बजेटको विवरण पेस गर्नुपर्नेछ ।

*- अनलाइन खबर*

# तानसेनको पर्यटन विकास...

**...दोस्रो दिन**

**प्रकृति, दृश्यावलोकन र ऐतिहासिक भ्रमण**

-बिहान श्रीनगर डाँडामा सूर्योदय तथा हिमाल अवलोकन

-रानीमहलको भ्रमण

-स्थानीय भोजन र फुर्सदको समय

-साँझमा क्याफे, स्थानीय बजार वा सांस्कृतिक साँझ

**तेस्रो दिन**

**ग्रामीण जीवन र आसपासको गन्तव्य**

-रुचिअनुसार रिडी, भैरवस्थान वा उपयुक्त ग्रामीण गन्तव्यको भ्रमण

-स्थानीय बजारबाट पाल्पाली उत्पादनको खरिद

-त्यसपछि अर्को गन्तव्यतर्फ प्रस्थान

यो प्रस्तावित नमुना कार्यक्रम हो। सडकको अवस्था, यात्रा समय, मौसम र स्थलहरूको सञ्चालन अवस्थाअनुसार कार्यक्रम मिलाउनुपर्छ।यस्तो कार्यक्रमले पर्यटकलाई केवल स्थल हेरेर फर्कने यात्रुबाट स्थानीय अर्थतन्त्रमा खर्च गर्ने र बढी समय बिताउने पाहुनामा रूपान्तरण गर्न सहयोग गर्छ।

**घ . होटल विकासमा निजी क्षेत्रलाई कसरी आकर्षित गर्ने ?**

या सन्दर्भमा होटलको कमीको विषयलाई गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्छ। तर होटल व्यवसायीले लगानी गर्नुअघि सम्भावित ग्राहक, आम्दानी, सञ्चालन खर्च र लगानी फिर्ता हुने सम्भावना हेर्छन्। त्यसैले नगरपालिकाले निम्न काम गर्न सक्छ।

-पर्यटन लगानीको सम्भाव्यता अध्ययन: हालको आवास क्षमता, पर्यटक आगमन, बसाइ अवधि, होटलको मूल्य र मौसमअनुसारको मागको अध्ययन गर्ने।

-पुराना घरको उपयोग: मौलिक वास्तुकला जोगाएर बुटिक होटल, घरबास, क्याफे र सांस्कृतिक केन्द्र सञ्चालन गर्न इच्छुक घरधनीलाई प्राविधिक सहयोग दिने।

-लगानीकर्तासँग संवाद: होटल व्यवसायी, बैंक, सहकारी, घरधनी र सम्भावित लगानीकर्ताबीच नियमित छलफल गर्ने।

-निजी क्षेत्रलाई प्रोत्साहन: कानुनअनुसार सम्भव हुने सहुलियत, एकद्वार सेवा, अनुमति प्रक्रियामा सहजीकरण र पूर्वाधार सहयोग उपलब्ध गराउने।

-सेवाको गुणस्तर: होटल कर्मचारीलाई आतिथ्य, सरसफाइ, खाद्य सुरक्षा, भाषा र पर्यटकसँग व्यवहारसम्बन्धी तालिम दिने। यहाँ मुख्य कुरा होटलको संख्या मात्र होइन, पर्यटकको खर्च धान्न सक्ने विविध मूल्यका आवास, भरपर्दो सेवा र वर्षभरि चल्ने पर्यटन गतिविधिको संयोजन हो।

**ङ . पर्यटन विकासमा स्थानीय सरकार र समुदायको भूमिका**

तानसेनको पर्यटन विकास नगरपालिकाको एकल जिम्मेवारी वा निजी क्षेत्रको मात्र व्यवसाय होइन। यो स्थानीय सरकार, होटल व्यवसायी, घरधनी, कलाकार, कालीगढ, यातायात व्यवसायी, नागरिक समाज र स्थानीय बासिन्दाको साझा अभियान हुनुपर्छ। यसका लागि तानसेन नगरपालिकाले पर्यटन व्यवसायी, सम्पदाविद्, स्थानीय समुदाय र अन्य सरोकारवालालाई समेटेर तानसेन पर्यटन विकास कार्यदल गठन गर्न सक्छ। कार्यदलले निम्न कामलाई प्राथमिकता दिनुपर्छ।

-तानसेनका पर्यटन सम्पदा र सम्भावित नयाँ आकर्षणको सूची तयार गर्ने।

सरसफाइ, सार्वजनिक शौचालय, पार्किङ, संकेत पाटी र पर्यटक सूचना प्रणाली सुधार गर्ने।

-नियमित सांस्कृतिक कार्यक्रम र भ्रमण प्याकेज सुरु गर्ने।

-निजी लगानी तथा घरबास विकासका सम्भावना पहिचान गर्ने।

-पर्यटक आगमन, बसाइ अवधि, स्थानीय खर्च र सेवाप्रतिको सन्तुष्टि मापन गर्ने।

नेपाल पर्यटन बोर्डले तानसेनलाई ऐतिहासिक पहाडी सहर, पुरानो बजार, श्रीनगर र सांस्कृतिक सम्पदाका आधारमा चिनाएको छ। त्यसैले अब चुनौती तानसेनको पहिचान स्थापित गर्नु मात्र होइन, त्यो पहिचानलाई व्यवस्थित र किनेर अनुभव गर्न सकिने पर्यटकीय सेवामा बदल्नु हो।

**च. पहिलो एक वर्षमा के गर्ने ?**

**समयावधिप्राथमिक काम**

**पहिलो ३ महिना** पर्यटन सम्भाव्यता अध्ययन, होटल तथा सेवाको सूची, पर्यटकको आवश्यकता सर्वेक्षण

**४-६ महिना** सम्पदा पदयात्रा, सूचना नक्सा, श्रीनगरको आधारभूत सुविधा र नियमित सांस्कृतिक कार्यक्रम

**७-९ महिना** भ्रमण प्याकेज, घरबास तथा होटल सेवाको सुधार, डिजिटल प्रचारप्रसार

**१०-१२ महिना** पर्यटकको प्रतिक्रिया र आम्दानीको मूल्याङ्कन, लगानी आकर्षण र सफल कार्यक्रमको विस्तार

सुरुवातमा ठूला र खर्चिला संरचनाभन्दा छिटो कार्यान्वयन गर्न सकिने, कम खर्चमा पर्यटकको अनुभव सुधार गर्ने र स्थानीय व्यवसायमा प्रत्यक्ष लाभ पुऱ्याउने कामलाई प्राथमिकता दिनु उपयुक्त हुन्छ ।

**निष्कर्ष: तानसेनलाई हेर्ने ठाउँबाट अनुभव गर्ने गन्तव्य बनाऔँ**

तानसेनसँग इतिहास छ, संस्कृति छ, प्राकृतिक सौन्दर्य छ, मौलिक उत्पादन छन् र शान्त पहाडी वातावरण छ। यी सबै महत्त्वपूर्ण सम्पत्ति हुन्। तर पर्यटकलाई आकर्षित गर्न यी सम्पदालाई जीवन्त अनुभवमा बदल्नुपर्छ। पर्यटक तानसेन आएर हेर्ने मात्र होइन, रमाउने, सिक्ने, स्वाद लिने, किनमेल गर्ने, प्रकृतिसँग समय बिताउने र स्थानीय संस्कृतिसँग जोडिने अवसर पाउनुपर्छ। मेरो विचारमा तानसेनको पर्यटन विकासको मूल सूत्र पाँचवटा छन्- प्राकृतिक दृश्यको सदुपयोग, ऐतिहासिक सम्पदाको संरक्षण, मौलिक संस्कृतिको प्रस्तुति, गुणस्तरीय आवास तथा आतिथ्य, र नियमित पर्यटकीय गतिविधि ।

होटलमा पर्यटकलाई सुत्ने सुविधा हुन्छ: तर गन्तव्यमा पर्यटकलाई बसिरहने कारण चाहिन्छ। तानसेनले त्यो कारण सिर्जना गर्न सक्यो भने होटलमा लगानीको आकर्षण पनि बढ्नेछ, स्थानीय उत्पादनको बजार पनि विस्तार हुनेछ र रोजगारीका नयाँ अवसर पनि सिर्जना हुनेछन् । तानसेनको पर्यटन विकासको लक्ष्य पर्यटकको संख्या बढाउनुमा मात्र सीमित हुनुहुँदैनह उनीहरूको बसाइ अवधि, खर्च, सन्तुष्टि र फेरि फर्केर आउने चाहना बढाउनु पनि हुनुपर्छ । यही सोचबाट तानसेनलाई नेपालको विशिष्ट ऐतिहासिक तथा सांस्कृतिक पहाडी पर्यटन गन्तव्यका रूपमा विकास गर्न सकिन्छ ।

# फुलखेती आम्दानीको मुख्य स्रोत



**दाङ,** कार्तिक १०/दाङमा फुलखेती व्यवसायप्रति किसानको आकर्षण बढ्दै गएको छ। अन्य खेतीभन्दा सजिलो र आम्दानी बढी पाउने भएकाले किसानहरु फुलखेतीप्रति आकर्षित भएका हुन् ।

यति बेला दाङका विभिन्न फुलखेती गरेका स्थानमा सयपत्रि फुल ढकमक्क फुलिसकेका छन्। गढवा गाउँपालिका-३, खैरेनीका टेकेन्द्र राज रावतले विगत चार वर्षदेखि व्यावसायिक फुलखेती गर्दै आएका छन्।आइएससी कृषि सकांयअन्तर्गत वनस्पति विज्ञान अध्ययन गरेका उनले व्यावसायिक रूपमा फुलको खेती गर्दै आएका हुन्। उनले चाडपर्वलाई ध्यानमा राखी सयपत्री फुलको व्यावसायिक खेती थालेका हुन्। अहिले उनको फुलखेती १० का जग्गामा फैलिएको छ।"पहिलो वर्ष परीक्षणका रूपमा खेती गरेँ । त्यसले राम्रो नतिजा दियो, त्यसपछि नियमित रूपमा खेती गर्दै आएको छु", उनले भने, "यो वर्ष तिहार अगाडि रु २०/२५ हजारको फुल र माला बिक्री गरिसकेको छु ।"यो व्यावसायबाट राम्रो आम्दानी पनि हुँदै गएको उनले बताए।

चाडपर्वका बेला छिमेकी देश भारतबाट फुल नेपाल आयात हुने गर्छ । त्यसलाई निरुत्साहित गर्दै स्थानीय उत्पादनलाई प्राथमिकतामा राख्नुपर्ने उहाँको माग छ । "धान, गहुँ लगाउनुभन्दा फुलखेती सजिलो, मल र बीउमा धेरै खर्च नहुने रहेछ । लगानीअनुसार धान, गहुँले मूल्य पाउँदैन, फुलले राम्रो मूल्य पाउँछ", उनले अनुभव सुनाए।उनी वार्षिक रूपमा रु दुई देखि तीन लाखसम्म बचत गर्न सफल भएका छन्। अहिले फुललाई रु २५० देखि ३०० सम्ममा र एउटा मालालाई रु ४०० का दरले बिक्री गर्दै आएको बताउँछन्।किसान रावतले अरुको देशमा गएर दु:ख गर्नु भन्दा आफ्नै देशमा केही गर्न आवश्यक रहेको बताउँछन्। "गत वर्ष राम्रो आम्दानी भयो फुलखेतीबाट, यसवर्ष पनि तिहार आउनुभन्दा अघि बाट नै फुल माला बिक्री गर्दै आएको छु",उनले भने। फुलमा आत्मनिर्भर हुने गरी पुष्प कृषक प्रोत्साहनका कार्यक्रम ल्याउन स्थानीय सरकारले पहल गर्नुपर्ने उनले बताए। उनले सयपत्री फुलखेतीसँगै विभिन्न तरकारीखेती र तरकारीका बेर्ना पनि उत्पादन गरेर बिक्री गर्दै आएका छन्। दाङ जिल्लामा व्यावसायिक फुलखेती गर्ने किसानको संख्या पछिल्ला वर्षमा बढ्दै गएको छ ।जिल्लाका १० वटै स्थानीय तहमा फुलखेती गर्ने किसान रहेका छन् । प्रोत्साहनका लागि स्थानीय सरकारले भूमिका बढाउनुपर्ने देखिन्छ ।*-रासस*

## श्री तिलोत्तमा माध्यमिक विद्यालय
### तिनाउ गाउँपालिका-३, पाल्पा
### लुम्बिनी प्रदेश, नेपाल

## क्याटलग /ब्रोसर सपिङ विधिबाट भन्सार छुटमा सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८३/०७/ ११ गते*

श्री तिलोत्तमा माध्यमिक विद्यालय तिनाउ गाउँपालिका-३ झुम्सा, पाल्पाको लागि आवश्यक भएको सवारी साधन (स्कुल बस) सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमालवली बमोजिम त्यस्तो सवारी उत्पादक कम्पनी वा सो को आधिकारिक विक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नु पर्ने भएकोले देहाय बमोजिमको सवारी साधनका उत्पादक वा आधिकारिक विक्रेताबाट सवारी साधन विक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र सो को अद्यावधिक नविकरण भएको पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, नियमानुसार कर भुक्तानी गरेको प्रमाणित कागजात, उक्त सवारी साधन सप्लाई गरेको हालसम्मको विवरण ,सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेसिफिकेशन, मूल्य, गुणस्तर तथा सुविधा सहित विवरण (क्याटलग) वा ब्रोसर साथै आवश्यक कागजात संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले सात दिन भित्र विद्यालय समयमा भौतिक उपस्थिति वा ***इमेल tilottama062@gmail.com*** मार्फत निवेदन दर्ता गराउन आह्वान गरिएको छ ।

थप जानकारीका लागि फोन नम्बर :९८६७४२७२९७ ,९८४७२५२२५१ मा सम्पर्क राख्न सकिनेछ ।

| क्र .सं | साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | School Bus-1 | **Model :** Min 4 cylinder, Turbo charged, Diesel engine<br>**Power :** Minimum 90 KW @ rates rpm<br>**Torque :** 350 nm<br>**Ground Clearance (mm) :** Min 200<br>**Seats :** 3 ×2 or 2×2 profile standard seat. 32-35<br>**Fuel tank capacity :** Min 90 ltr | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । स्वीकृत Technical Specification का लागि विद्यालय प्रशासनमा सम्पर्क गर्न सकिनेछ । |

*(नोट : आपुर्तीकर्तासँग नेपाल अधिराज्यभरि कम्तिमा १५ वटा आफ्नै सर्भिस सेन्टर सञ्चालन रहेको हुनुपर्ने छ। आपुर्तीकर्ताले स्कूल बस आपुर्ती गरेको अनुभव हुनुपर्ने छ, साथै सम्पूर्ण मूल्याङ्कन तथा निर्णय गर्ने अधिकार यस विद्यालयमा निहित रहने छ।)*

*प्राधानाध्यापक*

## खेलकुद समाचार

### विराटनगरलाई हराउँदै चितवनको विजयी शुरुआत



**काठमाडौं,** कार्तिक १०/ नेपाल प्रिमियर लिग (एनपीएल) मा चितवन राइनोजले विराटनगर किङ्गसलाई ८ रनले हराउँदै विजयी शुरुआत गरेको छ । चितवनले दिएको १५८ रनको लक्ष्य पछ्याएको विराटनगरले १९ ओभर ३ बलमा १४९ रन बनाउँदा सबै विकेट गुमायो ।

विराटनगरका इमरान शेखले ३९, आन्द्रे रसेलले ३३, लोकेश बमले २६ रन बनाए । चितवनका कमल ऐरीले ४, रिजन ढकालले २ विकेट लिए । एक समय ५ विकेट गुमाएर १३२ रनको अवस्थामा रहेको विराटनगरले त्यसपछि १७ रन जोड्दा बाँकी सबै विकेट गुमाउन पुग्यो । यसअघि कीर्तिपुरको त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको चितवनले २० ओभरमा ३ विकेट गुमाएर १५७ रन बनाएको थियो । चितवनका डेविड मलानले ७० रन बनाए । विराटनगरका एन्जेलो म्याथ्युज, आन्द्रे रसेल र चरिथ असलङ्काले १/१ विकेट लिए । एनपीएलमा आजको दोस्रो खेलमा पहिलो संस्करणको विजेता जनकपुर बोल्ट्स र कर्णाली याक्स खेल्दैछन् । तेस्रो संस्करणको प्रतियोगिता आउँदो मङ्सिर ५ गतेसम्म चल्नेछ ।


## वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से सामान्य अंकले वृद्धि



**पाल्पा,** कार्तिक १०/ सेयर बजारमा मंगलबार सामान्य अंकको वृद्धि भएको छ । नेप्से परिसूचक ० दशमलव ९४ अंकले बढेर २ हजार ६ सय ३० दशमलव ७६ विन्दुमा उक्लिएको हो ।

अघिल्लो दिन सोमबार नेप्से परिसूचक ४ दशमलव ३४ अंकले घटेर २ हजार ६ सय २९ दशमलव ८२ विन्दुमा अडिएको थियो । सो दिन ४ अर्ब २४ लाख बराबरको सेयर कारोबार भएको थियो।परिसूचक सामान्य अंकले बढ्दा कारोबार रकम पनि सोमबारको तुलनामा वृद्धि भएको छ । यसदिन ३६० वटा स्क्रिप्सको १ करोड ५३ लाख ४६ हजार २२६ कित्ता सेयर ५ अर्ब ७९ करोड ९३ लाख ३० हजार २०३ रुपैयाँमा खरिदबिक्री भए । बेनी हाइड्रोपावरको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । सो हाइड्रोको सेयर १४ दशमलव ९८ प्रतिशतले बढ्दा माथिल्लो मैलुङ खोला जलविद्युतको १२ दशमलव ०९ प्रतिशतले बढ्यो । घलेम्दी हाइड्रोपावरले २८ करोड माथि सेयर कारोबार गरी शीर्षस्थानमा रह्यो । यस्तै पिपुल्स हाइड्रोपावरले २४ करोडको कारोबार गर्दा सानिमा मिडल तमोर हाइड्रोपावरले २१ करोड,लिबर्टी इनर्जी र ग्रीन भेन्चर्सले १९/१९ करोडको कारोबार गरे।कारोबारमा आएकामध्ये १३५ वटा स्टक्सको मूल्य बढ्दा १३६ वटाको घट्यो। बाँकी ८ वटा स्टक्सको मूल्य स्थिर रह्यो। चारवटा समूहको उपसूचक बढ्दा बाँकी अरु समूहको उपसूचक नकारात्मक देखिएका छन्। हाइड्रोपावर,माइक्रोफाइनान्स,म्युचुअल फण्ड र अदर्श समूहको उपसूचक बढ्दा अरु बाँकी समूहको उपसूचक नकारात्मक देखिएका हुन् ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिर्तुङ्गधारा गा.वि.स.-८, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 5343544 W का NK प्रेम बहादुर थापा (ना.प्र.मा प्रेम वहादुर गाहा थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा टैनि सरा मगर्नी र जन्म मिति सन् १९५८ फेब्रअरी १५ (वि.स.२०१४/११/०४) र नेपाली नागरिकता प्रमाणपत्रमा टोइनि गाहा भन्ने टैनिसरा मगर्नी, जन्म मिति वि.स. २०१४/०४/१२ (सन् १९५७ जुलाई २७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिर्तुङ्गधारा गा.वि.स.-८, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 5335582 का RFN खुम बहादुर राना (ना.प्र.मा खुम बहादुर राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा धन सरा र जन्म मिति सन् १९४६ मार्च १५ (वि.स.२००२/१२/०२) र नेपाली नागरिकता प्रमाणपत्रमा धनिसरा राना, जन्म मिति वि.स. १९९७/११/१२ (सन् १९४१ फेब्रअरी २४) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई